# दादुरा (चिकनपाक्स)



## दादुरा भनेको के हो ?

- भेरिसेलाजोस्टर भाइरसले गर्दा हुने एउटा गमभिर संकमण हो ।
- मुख्य रुपमा १२ वर्षभन्दा कम उमेरका बालबालिकाहरुलाई असर गर्छ
- दादुराको संकमण पछि सबै व्यक्तिहरुले आजीवन प्रतिरक्षा विकास गर्दछ
- यो भाइरस शरीरमा गुप्त भई बस्नसक्छ र धेरै वर्षपछि हेर्पस जोस्टर शिंगल्स को रुपमा फेरि देखिनसक्छ।

## दादुरामा के हुन्छ ?

- बिरामीलाई पहिला ज्वरो र छालामा चिलाउने दानाहरु देखिन्छ। दानाहरु पहिला शरीरमा र पछि अनुहारमा , हातमा र खुट्टाहरुमा देखिन्छ ।
- छालामा दानाहरु पहिला च्याप्टो दाग जस्तो र पछि फोका जस्तो देखिन्छ।
- ती फोकाहरु ३ -४ दिनसम्म रहन्छ र त्यसपछि पाप्रा बन्छ।
- प्राय २ ३ हप्तामा ठीक हन्छ ।

## सर्ने तरीका – मानिसहरुले दादुरा कसरी सर्छ

- मुख्य रुपमा पार्नीका थोपाहरू वा हावाबाट सर्छ
- फोकाको डिस्चार्ज संग प्रत्यक्ष अथवा अप्रत्यक्ष रुपमा सम्पर्क भएमा पनि सर्नसक्छ
- लगभग २-३ हप्ताप्राय जसो दाना देखिनुभन्दा १-२ दिन पहिलादेखि सबै फोकाहरू नसुकेसम्म
- अत्यन्ते संकामक, खासगरी शुरुको फोका उठ्ने समयमा

## के दादुरा गम्भीर हुन्छ ?

- दादुरा साधरण बिमारी हो र प्राय आफै ठिक हुन्छ। तर घाउमा द्वितीय बैक्टीरियल संकामण हुन सक्छ ।
- कमजोर प्रतिरक्षा भएका व्यक्तिहरू अथवा गर्भवती महिलाहरूमा जटिल्टा हुने सम्भावना बढि हुन्छ जस्तै निमोनिया अथवा एन्सेफेलाइटिस (दिमागमा संकमण)।
- आरंभिक गर्भावस्थामा दादुराको संक्रमणले भ्रूणमा जन्मजात समस्याहरू उत्पन्न गर्नसक्छ । यदि नवजात शिशुमा दादुरा लागेमा, यसले गंभीर बिरामी र मृत्यु पनि हुनसक्छ।



## प्रबन्ध– दादुरा भएमा के गर्नुपर्छ

- डाक्टरसंग परामर्श गर्ने र सल्लाहबमोजिमका औषधि खानुहोस्–जस्तै ज्वरो कम गर्ने, छालामा चिलाउन कम गर्ने औषधी
- पानी धेरै पिउनुहोस् र पर्याप्त आराम गर्नुपर्छ
- फोकाहरूलाई कन्याउनबाट जोगाउनको लागि सुत्ने समयमा सुतीको सफा पंजा लगाउनुहोस्
- गर्भवती महिलाहरू र कमजोर प्रतिरक्षा भएका व्यक्तिहरुसंग सम्पर्क नगर्नुहोस्
- बिमारी बच्चाहरु घरमा नै बस्नुपर्छ र १ हप्ता अथवा फोकाहरू नसुकेसम्म स्कूलबाट अलग रहनुपर्छ
- अभिभावकले बच्चाको राम्रो ध्यान राख्नुपर्छ।यदि बच्चालाई लगातार ज्वरो आइरहने, खाना वा पिउन नमान्ने, बान्ता गर्ने वा निद्रालु देखिएमा, तुरुन्तै डाक्टरकहां लग्नुहोस् ।
- परिवारका अन्य बच्चाहरुमा पनि दादुराको संकेत र लक्षणहरू राम्रोसंग जांच गर्नुहोस्

## रोकथाम

- आफ्नो शरीर र वरपरको वातावरण सफा राख्नुहोस्
- दादुराको खोप हङ्कङमा उपलब्ध छ। दादुराको खोप लिने ९०% व्यक्तिहरूमा प्रतिरक्षा शक्ति आउँछ। आमा-बाबुहरुले थप सल्लाह र जानकारीको लागि आफ्नो परिवारीक डाक्टरसंग सोध्नसक्नुहुन्छ।



यो सूचना हङकङ स्वास्थ्य विभाग द्वारा उपलब्ध गराइएको हो। थप जानकारीको लागि कृपया स्वास्थ्य संरक्षण केन्द्र को वेबसाइट मा जानुहोस्। www.chp.gov.hk